# सिंचाइ गतिविधि
जलस्रोत तथा सिंचाइ सम्बन्धी चौमासिक पत्र

वर्ष २५ अंक ३ (पूर्णाङ्क ८३) www.doi.gov.np चैत्र २०७४-असार २०७५

## समाचार

### आठौं एशियाली क्षेत्रीय सिंचाइ तथा निकास (ICID) सम्वन्धी अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न

२०७४ चैत्र १९-२१ सम्म काठमाण्डौ स्थित होटल याक एण्ड यतिमा सिंचाइ तथा निकास सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाका (ICID) को आठौं एशियाली क्षेत्रीय सम्मेलन "Irrigation in Support of an Evergreen Revolution"



भन्ने मूल नाराका साथ सम्पन्न भयो। २०७४ चैत्र १९ गते सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीबाट पानसमा दीप प्रज्वलन गरी उक्त सम्मेलनको उद्घाटन गर्नु भयो। उक्त अवसरमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बर्षमान पुनको पनि समुपस्थिति रहेको थियो। सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट उद्घाटन सम्बोधन भएको उक्त उद्घाटन समारोहमा माननीय मन्त्रीबाट शुभकामना मन्तव्य प्रकट गर्नु भएको थियो।। साथै उक्त उपलक्ष्यमा उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री संजय शर्माबाट पनि शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। उक्त समारोहमा ICID का केन्द्रिय अध्यक्ष तथा उपाध्यक्षबाट क्षेत्रीय सम्मेलनको महत्व र प्रभाव बारे आ आफ्ना धारणाहरु राख्नु भयो। उक्त उद्घाटन सत्रको सहजीकरण गर्दै पूर्व जलस्रोत मन्त्री तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) का सदस्य श्री दीपक ज्ञवालीले क्षेत्रीय सम्मेलनको सान्दर्भिक पक्ष तथा यसका विभिन्न प्राविधिक पक्षहरुबारे सहभागीहरुलाई जानकारी गराउनु भयो। उक्त अवसरमा सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डित, ICID का महासचिव ए.वी.पाण्डय, विश्व बैंकका बरिष्ठ जलस्रोत विज्ञ अहमद स्वाकी, USAID / SEED का प्रमुख श्री क्यारोल जन्कीन, एशियाली बिकास बैंकका बरिष्ठ जलस्रोत बिज्ञ अर्नद कउचास आदिले सम्बोधन गर्नु भएको थियो। अन्तर्राष्ट्रिय क्षेत्रका बिभिन्न २२ मुलुकहरुबाट १०० जना भन्दा बढी र नेपालका पांचसय भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको उक्त सम्मेलनमा छनौट भएका १०५ कार्यपत्रहरु मध्ये ७२ वटा प्रस्तुत गरिएका थिए। तीन दिनसम्म चलेको उक्त सम्मेलनका १५ वटा प्राविधिक सत्रहरुका साथै ७ वटा plenary session हरु संचालित भए। ती कार्यपत्रहरु विभिन्न सत्रहरुका सम्वन्धित पांच उपशीर्षकहरु अर्न्तगत प्रस्तुत गर्न व्यवस्था गरिएको थियो।

क्षेत्रीय सम्मेलन शुरु हुनु एक दिन अगाबै जलस्रोत तथा सिंचाइ सम्बद्ध युवाहरुलाई सिंचाइ सम्बन्धी एकदिने गोष्ठी सिंचाइ विभाग अर्न्तगत जल साधन योजना तयारी सुविधा आयोजना (WRPPF) का आयोजना निर्देशक श्री संजीव बरालको संयोजकत्वमा सम्पन्न भएको थियो। उक्त अवसरमा विभिन्न क्षेत्रमा कार्यरत इन्जिनियर तथा प्राविधिकहरुलाई दुई मुख्य सत्रहरुमा सिंचाइ तथा जलस्रोत सम्वन्धी विज्ञहरुबाट तालिम प्रदान गरिएको थियो। साथै, सम्मेलन अवधिभर विभिन्न ऐतिहासिक तथा सास्कृतिक स्थलहरुको दृश्यावलोकन तथा प्राविधिक भ्रमणहरु पनि आयोजना गरिएको थियो। दृश्यावलोकनका लागि काठमाण्डौं स्थित बिभिन्न बिश्व सम्पदा सूचीमा सूचीकृत स्थलहरु चयन गरिएको थियो भने प्राविधिक भ्रमणमा नेपाल कै पुराना सिंचाइ प्रणाली मध्ये एक भक्तपुर जिल्लाको गुण्डु स्थित सिंचाइ प्रणालीको अवलोकन भ्रमण आयोजना गरिएको थियो।




२०७४ चैत्र २१ गते (April 4, 2018) का दिन आयोजित समापन समारोहमा मुख्य अतिथि तथा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री माननीय बर्षमान पुनबाट समापन समीक्षा बक्तव्य व्यक्त गर्नु भयो। यस अलावा ICID का अध्यक्ष, उपाध्यक्ष, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव , सिंचाइ बिभागका महानिर्देशकबाट आ आफ्नो सम्बोधनका क्रममा सम्मेलनको सकारात्मक पक्षहरु तथा यसको प्रभावबारे चर्चा गर्नु हुंदै आआफ्नो मन्तव्य राख्नु भयो। उक्त अवसरमा सम्मेलनमा प्रस्तुत कार्यपत्रहरु मध्ये उत्कृष्ट मूल्यांकन भएका कार्यपत्रहरु, बिभिन्न छलछल तथा सहयोगमा उत्कृष्ट ठहरिएका सहभागीहरुलाई पुरस्कार प्रमाणपत्र तथा सहभागी प्रमुख तथा बिशिष्ट अतिथिहरुलाई बिभिन्न उपहारहरु प्रदान गरिएका थियो।

### ६५ औं सिंचाइ बार्षिकोत्सव तथा सिंचाइ दिवस उल्लासका साथ सम्पन्न

२०७४ चैत्र २५ गते विशेष समारोहको आयोजना गरी ६५ औं सिंचाइ बार्षिकोत्सव तथा सिंचाइ दिवस २०७४ सम्पन्न भयो।

#### यस अंकमा

**समाचार**
- आठौं एशियाली क्षेत्रीय सिंचाइ तथा निकास सम्वन्धी (ICID) अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न
- ६५ औं सिंचाइ बार्षिकोत्सव उल्लासका साथ सम्पन्न
- माननीय मन्त्रीद्वारा राष्ट्रिय गौरवका सिंचाइ आयोजनाहरूमा निरिक्षण भ्रमण
- रानी जमरा कुलरिया दोश्रो चरणको ऋण सम्झौता सम्पन्न

**सम्पादकीय**
- जलस्रोत तथा सिंचाइ विभागको नयाँ पुनर्गठन

**तालिम/कार्यशाला गोष्ठी**
- एघारौं राष्ट्रिय सिंचाइ सेमिनार २०७५ सम्पन्न
- जलस्रोत तथा सिंचाइ विभागमा गठन हुने विभाग तथा अन्तर्गतका कार्यालय संचालन तथा व्यवस्थापन सम्बन्धी गोष्ठी २०७५ सम्पन्न
- INPIM नेपालको १८ औं Talk programme

**लेख/रचना**
- महाकाली सिंचाइ प्रणाली दोस्रो चरण जलउपभोक्ता समितिको परिचय
- अनिवार्य सिंचाई सेवा शुल्क संकलन कार्यमा स्थानीय तहसंगको समन्वयको आवश्यकता

# सम्पादकीय

## जलस्रोत तथा सिंचाइ विभागको नयाँ पुनर्गठन

नेपालमा वि.सं. २००७ सालको परिवर्तन पछि राणा शासनको अन्त्य भई प्रजातन्त्रको उदय भए पश्चात सिंचाइ सम्बन्धी जिम्मेवार सरकारी निकायका रुपमा वि.सं. २००९ साल चैत्र २५ गते नहर विभागको स्थापना भए पश्चात विभिन्न समयमा सिंचाइ तथा खानेपानी विभाग सिंचाइ तथा जलवायु विज्ञान विभाग हुँदै वि.सं. २०४४ सालमा सिंचाइ विभागका रुपमा गठन भएको थियो। सोही निरन्तरता २०७५ साल असार मसान्तसम्म कायम रहेको छ। २०७२ सालमा नेपालको संविधान २०७२ लागु भएपछि, मुलुक संघीयतामा गएसंगै मन्त्रालय तथा विभिन्न प्रशासकीय संरचनाहरुमा फेरवदल आएको छ। आ.व. २०७५/७६ को पहिलो दिन देखि विद्यमान सिंचाइ विभाग र जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग एकै ठाउंमा गाभिँदै जलस्रोत तथा सिंचाइ विभागका रुपमा पुनर्गठित हुने भएको हो। सो अनुरुप अब नयां पुनर्गठित विभाग अन्तर्गत योजना, कार्यक्रम तथा समन्वय महाशाखा, बहुउद्देश्यीय तथा सिंचाइ महाशाखा, जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा, भूमिगत जल तथा भौगर्भिक महाशाखा तथा सिंचाइ व्यवस्थापन महाशाखा गरी पांचवटा महाशाखाहरु रहने छन्।

यस अलावा केन्द्रिय स्तरका सिंचाइ आयोजनाहरु विभाग अन्तर्गत कायम हुने छन भने कोशी गण्डकी तथा कर्णाली जलाधार क्षेत्रका विभिन्न सिंचाइ सम्बन्धी गतिविधि बारे नियमित अनुगमन कार्य संचालनका लागि ३ वटा संघीय जलस्रोत तथा सिंचाइ समन्वय कार्यालयहरु तत् क्षेत्रहरुमा रहने व्यवस्था गरिएको छ। साथै प्रशासन शाखा, आर्थिक प्रशासन शाखा तथा ऐन कानून परामर्श शाखाहरु पनि दैनिक प्रशासनिक कार्य संचालनार्थ नवगठित विभाग अन्तर्गत रहने प्रावधान राखिएको छ। क्षेत्रीय सिंचाइ कार्यालयहरु विघटन भई विभिन्न प्रदेशका सिंचाइ सम्बन्धी निकायका रुपमा प्रतिस्थापित हुने व्यवस्था गरिएको छ। अन्य स्थानीय विकास डिभिजन कार्यालयहरु स्थानीय निकाय मार्फत संचालन हुने व्यवस्था भएका छन। यसरी नयां सांगठनिक संरचना अन्तर्गत मौजुद रहेकोमा २ तिहाइ दरवन्दीहरु कटौती हुने भएको छ।

तराई क्षेत्रमा ५०० हेक्टर भन्दा कम तथा पहाडमा ५० हेक्टर भन्दा कमका सिंचाइ उप-आयोजनाहरुको विकास निर्माणका कार्यमा स्थानीय निकायद्वारा पहल हुने, त्यसैगरी तराईमा १०,००० हेक्टर भन्दा कम क्षमताका र पहाडमा ५०० -१,००० हेक्टर सम्मका सिंचाइ आयोजनाहरुको विकास निर्माण कार्य प्रदेश सरकार अन्तर्गत हुने तथा तराईमा १०,००० हेक्टर र पहाडमा १,००० हेक्टर भन्दा ठूलो सिंचाइ आयोजनाहरुको हकमा संघीय सरकारको मातहतमा विकास निर्माण तथा व्यवस्थापन हुने व्यवस्था गरिएको छ। त्यस्तै गरेर साना पहिरो नियन्त्रण कार्य (लम्वाई ५० मी तथा ५,००० वर्ग मीटर क्षेत्रफल भएका) को व्यवस्थापन स्थानीय निकायबाट, मझौला पहिरो नियन्त्रण कार्य (फेद लम्वाई ५०-१०० मी. ५,००० -२०,००० वर्ग मीटर क्षेत्रफल) प्रदेशको निकायबाट तथा ठूला पहिरो नियन्त्रण कार्य (फेद लम्वाई १०० मीटर भन्दा बढी तथा क्षेत्रफलमा २०,००० वर्ग मी. भन्दा बढीका) संघीय सरकारको मातहतमा हुने व्यवस्था भएको छ। यसरी सिंचाइ क्षेत्रको विकास तथा विस्तार र दीगो व्यवस्थापन तथा बाढी र जल उत्पन्न जन्य प्रकोपको उचित व्यवस्थापन कार्य नयां संगठित संरचनाहरुबाट सरल र सहज ढंगबाट अघि बढ्ने कुरामा विश्वास गरिएको छ। ◆




सिंचाइ विभागको सभाकक्षमा आयोजना गरिएको मूल समारोह स्थलमा माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री बर्षमान पुनबाट विरुवामा जल सिंचाइ गर्दै तथा पानसमा दीप प्रज्वलन गरी उक्त कार्यक्रमको उद्घाटन गर्नु भएको थियो। माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री पुनले प्रमुख अतिथिको आसनबाट बोल्दै सिंचित कृषि क्षेत्रको विकासद्वारा कृषि उत्पादनमा उल्लेख्य बृद्धि गरी विदेशिने युवाशक्तिलाई स्वदेशमा नै रोजगारका अवसरहरु सृजना हुने वातावरण तयार गर्न ढिला गर्न नहुने कुरामा जोड दिंदै यसका लागि आवश्यक बिकास निर्माण अवधारणाहरु पहिल्याउनुपर्ने कुरामा जोड दिनुभयो। उर्जा, जलस्रोत तथा संचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायले विशिष्ट अतिथिको आसनबाट बोल्दै सिंचाइ क्षेत्रमा अहिलेसम्मका उपलब्धिहरुलाई उत्साहप्रद रुपमा लिनुपर्ने आफ्नो धारणा राख्नुहुंदै अपेक्षित लाभ सहितको कृषि उत्पादनमा बृद्धि गर्न अगाडि धेरै काम गर्न बाकी रहेको बिचार व्यक्त गर्नुभयो। मूल समारोह समितिका अध्यक्ष तथा सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डितले सभापतिको आसनबाट आफ्नो मन्तव्य राख्ने क्रममा माननीय उर्जा जलस्रोत तथा सिंचाइ मन्त्री समक्ष सिंचाइ वार्षिकोत्सव कार्यक्रम सफल पार्न आफ्नो कार्यव्यस्तताका बावजुद उपस्थित भई कार्यक्रमको शोभा वढाइ दिनु भएकोमा आफू र सिंचाइ विभाग परिवारका तर्फबाट कृतज्ञता प्रकट गर्नु भयो।

उक्त कार्यक्रममा जल तथा शक्ति आयोगका सचिव, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिवहरु, तत्कालिन जलउत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक, भूमिगत जलश्रोत विकास समितिका कार्यकारी निर्देशक, राष्ट्रिय जल उपभोक्ता महासंघका अध्यक्ष, सिंचाइ विभागका पूर्व महानिर्देशकहरु, तथा सिंचाइ सम्वद्ध निकायका विज्ञ तथा परामर्शदातृहरुलाई पनि विशेष अतिथिका रुपमा आमन्त्रण गरिएको थियो। साथै विशिष्ट अतिथिहरुलाई खादा ओढाई सम्मान गरिएको थियो।

आयोजित सोही समारोहमा माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री तथा मन्त्रालयका सचिवबाट उत्कृष्ट जल उपभोक्ता समितिका पदाधिकारीहरु, विभिन्न विधामा उत्कृष्ट ठहरिएका सिंचाइ विकास

प्रधान सम्पादक बासुदेव लोहनी
सम्पादकहरू राजेन्द्रविर जोशी
डा. राजन भट्टराई
सन्तोष कोखश्रेष्ठ
बासुदेव दाहाल
आनन्द राज अर्याल
दिपेन्द्र लौडारी
रिसव खनाल
संचिता कडुवाल
कम्प्युटर डिजाइन पद्मश्री बज्राचार्य

डिभिजन, सवडिभिजन तथा आयोजनाहरुलाई पनि सम्मान गरिएको थियो। त्यसै गरेर उत्कृष्ट कर्मचारीहरुलाई पनि खादा ओढाई प्रमुख तथा विशिष्ट अतिथिहरुद्वारा सम्मान व्यक्त गरिएको थियो। गत बर्ष देखि शुभारम्भ गरी सिंचाइ क्षेत्रमा जीवन पर्यन्त योगदान गर्ने व्यक्तित्वलाई लाइफटाइम अचिभमेन्ट सम्मानद्वारा विभूषित गर्ने कार्यको थालनी भएकोमा दोश्रो उक्त सम्मानद्वारा सिंचाइ विभागका पूर्व महानिर्देशक तथा पूर्व जलस्रोत सचिव श्री भुवनेशकुमार प्रधानलाई विभूषित गरिएको थियो। त्यसैगरी अनिवार्य अवकाश प्राप्त कर्मचारीहरुलाई पनि विशिष्ट अतिथिहरुद्वारा खादा ओढाई तथा प्रशंसापत्र प्रदान गरी सम्मान व्यक्त गरिएको थियो। सोही दिन विहान सिंचाइ विभागका महानिर्देशक लगायत अन्य उच्च पदस्थ अधिकारीहरुको उपस्थितिमा सिंचाइ सम्वन्धी नारा अंकित प्लेकार्ड ब्यानर सहितको प्रभातफेरी कार्यक्रम माईतीघर मण्डलाबाट आरम्भ भै थापाथली, कोपुण्डोल, बखुण्डोल तथा पुल्चोक हुँदै सिंचाइ विभागको प्रांगणमा आई सम्पन्न भएको थियो।

त्यस्तै सिंचाइ दिवसको उपलक्ष्यमा विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्वन्धी प्रतियोगिताहरु आयोजना गरिएको थियो। सिंचाइ विभागका कर्मचारीहरु बीच म्यूजिकल चियर, घैंटो फुटाउने जस्ता मनोरन्जनात्मक प्रतियोगिताहरुको पनि आयोजना गरिएको थियो। सिंचाइ दिवसको उपलक्ष्यमा सोही दिन रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो। उक्त कार्यक्रममा सिंचाइ विभाग तथा परिसरका महानुभावहरुले श्रद्धाकासाथ रक्तदान गर्नु भएको थियो। यसैगरी चैत्र २४ गतेका दिन साँझ जावलाखेल मैदानमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सचिव ११ तथा सिंचाइ विभाग महानिर्देशक ११ का वीच मैत्रीपूर्ण फुटवल प्रतियोगिता सम्पन्न भएको थियो। उक्त प्रतियोगितामा सिंचाइ विभाग टीम विजयी भएको थियो। मूल समारोहमा फुटवल प्रतियोगितामा विजयी टीमका तर्फबाट सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डितलाई माननीय मन्त्रीबाट ट्रफी प्रदान गर्नु भयो। यसैगरी आयोजित विभिन्न प्रतियोगितामा विजयी कर्मचारीहरुलाई माननीय उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रीबाट पदक तथा प्रमाण-पत्र प्रदान गरिएको थियो।

## माननीय मन्त्रीद्वारा राष्ट्रिय गौरवका सिंचाइ आयोजनाहरुको निरिक्षण भ्रमण

२०७५ जेष्ठ २१ गते उर्जा तथा सिंचाइ मन्त्री माननीय बर्षमान पुनद्वारा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निरिक्षण भ्रमण गर्नु भयो। भ्रमणको साथमा उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री संजय शर्मा पनि जानु भएको थियो। साथमा सिंचाइ बिभागका महानिर्देशक श्री सरोज पण्डित, तत्कालिन जलउत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक श्री मधुकर राजभण्डारी हुनुहुन्थ्यो। माननीय मन्त्री तथा निरिक्षण भ्रमण टोलीका अन्य सदस्यहरुलाई भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाका आयोजना निर्देशक श्री शिव




कुमार बस्नेत लगायत आयोजनाका अन्य अधिकारीहरुले स्वागत गर्नु भएको थियो। माननीय मन्त्री पुनले आयोजनाको हाल निर्माण भैरहेको सुरुङको निरिक्षण गर्नु हुंदै कार्य प्रगति बारे जानकारी लिनु भएको थियो। साथै हालसम्म भइरहेको कार्य प्रगतिका बारे आयोजना निर्देशक श्री बस्नेतबाट छोटो परिचय प्रस्तुत गर्नु भएको थियो। उक्त आयोजना नेपाल सरकारको राष्ट्र गौरवको आयोजनाहरु मध्ये एक हो। निरिक्षण भ्रमणको सिलसिलामा माननीय मन्त्री सहितको टोलीले अर्को राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिंचाइ आयोजना (प्रणाली आधुनिकिकरण समेत) को पनि निरिक्षण गर्नु भयो। आयोजना निरिक्षणका क्रममा सो आयोजनाका आयोजना निर्देशक श्री सुशीलचन्द्र आचार्यले माननीय मन्त्री पुन सहितको निरिक्षण भ्रमण टोलीलाई स्वागत गर्नुका साथै आयोजनाको हालसम्मको प्रगति स्थिति बारे संक्षिप्त जानकारी दिनुभएको थियो। साथै उक्त भ्रमण टोलीले कर्णाली नदी नियन्त्रण सम्वन्धी कार्यको स्थलगत निरिक्षण गरी हालको बस्तुस्थिति बारे जानकारी हासिल गरेको थियो। तीन दिन लामो उक्त निरिक्षण भ्रमण सम्पन्न गरी माननीय मन्त्री सहितको टोली जेष्ठ २३ गते राजधानी फर्किएको थियो।

## रानी जमरा कुलरिया दोश्रो चरणको ऋण सम्झौता सम्पन्न

रानी जमरा कुलरिया सिंचाइ आयोजनाका दोश्रो चरण लागि बिश्वबैंकसंग २०७५ बैसाख २७ गते ६ करोड ६० लाख अमेरिकी डलरको ऋण सम्झौता काठमाण्डौं स्थित अर्थ मन्त्रालयको सभाकक्षमा आयोजित



समारोहमा सम्पन्न भयो। उक्त कुरा अर्थ मन्त्रालयबाट सोही मितिमा जारी गरिएको प्रेस बिज्ञप्तिमा जनाइएको छ। उक्त सम्झौताको ऋण रकम रानी जमरा कुलरिया सिंचाइ आयोजनाको आधुनिकीकरण तथा जल उपभोक्ता संस्था तथा बिभिन्न तहका समितिहरुको सुदृढीकरण तथा कृषि उत्पादन बृद्धिका लागि संचालन गरिने कार्यक्रमहरुमा उपयोग गरिने छ। उक्त ऋण सम्झौतामा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सचिव डा. राजन खनाल तथा बिश्व बैंकको तर्फबाट नेपालका लागि राष्ट्रिय निर्देशक श्री क्विमाओ फनले हस्ताक्षर गरी सो सम्वन्धी दस्तावेज आदान प्रदान भएको थियो। उक्त अवसरमा अर्थ मन्त्रालयका सचिव डा. खनालले बिश्व बैंकको आयोजना संचालनका लागि प्रदान गरिएको सहुलियतपूर्ण ऋण तथा नेपालको आर्थिक तथा सामाजिक बिकासको सहयोगको निरन्तरताको सराहना गर्नु भयो। सो अवसरमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री सुशिलचन्द्र तिवारी, जलस्रोत तथा सिंचाइ बिभागका महानिर्देशक श्री सरोज पण्डित तथा रानी जमरा कुलरिया सिंचाइ आयोजनाका आयोजना निर्देशक श्री सुशील चन्द्र आचार्यको पनि उपस्थिति रहेको थियो।

# तालिम/कार्यशाला गोष्ठी

## एघारौं राष्ट्रिय सिंचाइ सेमिनार २०७५ सम्पन्न

"Water Resources Development and Management in Federal Nepal:Challenges and Opportunities" भन्ने मूल नाराका साथ आयोजित २ दिने एघारौं राष्ट्रिय सिंचाइ सेमिनार काभ्रेस्थित धुलिखेल लजमा सम्पन्न भयो । उक्त सेमिनारको सत्रको प्रमुख अतिथि तथा माननीय उर्जा जलस्रोत तथा सिंचाइ मन्त्री श्री बर्षमान पुनले पानसमा दीप प्रज्वलन तथा गमलामा जल सिंचाइ गरी उद्घाटन गर्नु भयो । सोही क्रममा आफ्नो उद्घाटन मन्तव्यमा प्रमुख अतिथि तथा माननीय उर्जा जलस्रोत तथा सिंचाइ मन्त्री श्री बर्षमान पुनले हालै सम्पन्न स्थानीय, प्रादेशिक तथा संघीय गरी तीनै तहको निर्वाचन सम्पन्न भइ सकेकोले मुलुक अव संविधानको कार्यान्वयनको पहिलो चरण पार गरी राजनैतिक संक्रमणबाट अगाडि बढेर प्रशासनिक संयन्त्रलाई व्यवस्थित गर्ने चरणमा प्रवेश गरेको बारे उल्लेख गर्नुहुदै झण्डै आधा खेती योग्य जमीन बांझै रहने गरेको हालको अवस्थालाई परिवर्तन उन्मुख अवस्थामा रुपान्तरण गरी पांच बर्ष भित्र कृषि उत्पादनलाई दोब्बर गर्ने सरकारी लक्ष्य अनुरुप सिंचाइको बिकास कार्यलाई तिब्ररुपमा अगाडि बढाउनुको विकल्प नभएको बताउनु भयो । साथै वहांले पहाडमा स्प्रिंग वाटर तथा तराईमा ग्राउण्डवाटरलाई बढी प्राथमिकता दिई, कम लागतमा सिंचाई हुने स्थानको पहिचान गर्दै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रमहरुलाई टेवा पुग्ने गरी कार्यक्रम तय गरिनुपर्ने तर्फ इंगित गर्नु भयो । साथै सुनकोशी कमला तथा सुनकोशी मरीन जस्ता बहुउद्येश्यीय आयोजनाहरुलाई क्रमबद्ध रुपमा अगाडि बढाउन आवश्यक रहेको तर्फ औंल्याउनु भयो । उक्त सत्रको विशेष अतिथिको आसनबाट उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सन्जय शर्माले उर्जा जलस्रोत तथा सिंचाइको आम निकायमा संघीय संरचना अनुरुप प्राविधिकहरुको आवश्यकता अनुरुप व्यवस्थित गर्ने मुख्य कार्य बाँकी रहेको र यसलाई समयमै सम्पन्न गरी विकास निर्माणको थालनी गरी सिघ्र अगाडि बढाउनु आजको आवश्यकता रहेकोमा जोड दिनु भयो । साथै वहाँले उर्जा तथा जलस्रोतको विकासका लागि दीगो संयन्त्रको निर्माण गर्न ढीलाई गर्न नहुने तर्फ सबैको ध्यान जानुपर्ने बताउनु भयो । कृषिजन्य उद्योगहरुको प्रभावकारी सुधारोन्मुख अवस्थाको लागि पनि जलस्रोतमा आधारित उर्जाको विकास हुनु जरुरी भैसकेको र यसले विकसित उर्जा प्रणालीको उपयोग भै कृषिमा व्यवसायीकरण हुन टेवा पुग्ने बताउनु भयो ।

सोही सत्रमा विशेष अतिथिको आसनबाट बोल्दै सिंचाइ जलउपभोक्ता महासंघका केन्द्रीय अध्यक्ष गजाधर रोहिता यादवले किसानहरुको उत्पादन गतिविधिमा सिंचाइको प्रमुख भूमिका रहने कुरा उल्लेख गर्दै सिंचाइमा भैरहेको लगानीले देशको कृषि उत्पादकत्वमा वृद्धि गरी देशका गरिव किसानहरुको आर्थिक अवस्थामा उल्लेख्य सुधार ल्याउन प्रभावकारी भूमिका खेलेको आफ्नो धारणा राख्नु भयो । साथै उक्त सत्रका विशिष्ट अतिथि जल तथा शक्ति आयोगका सचिव श्री देवेन्द्र कार्की, तत्कालिन जलउत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक मधुकर राजभण्डारी तथा जल व्यवस्थापन सम्वन्धी अन्तरराष्ट्रिय संस्था (इमी) का नेपाल प्रमुख विष्णु शर्माले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो। उद्घाटन सत्रको स्वागत मन्तव्य सिंचाइ विभागका उपमहानिर्देशक श्री सरिता दबाडीद्वारा व्यक्त गर्नु भएको थियो । उपमहानिर्देशक श्री बासुदेव लोहनीले सेमिनारको बिषयवस्तु तथा महत्ववारे प्रकाश पार्नुभएको थियो । माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बर्षमान पुनको



समुपस्थितिमा विशेष सत्रका रुपमा विभागका उपमहानिर्देशक श्री कृष्ण बेलवासेको अध्यक्षतामा आयोजित प्राविधिक सत्रमा जलस्रोत आयोजना तयारी सुविधा आयोजनाका आयोजना निर्देशक श्री संजीव बरालद्वारा बहुउद्येश्यीय आयोजनाहरुको विकास तथा संचालन सम्वन्धी अवधारणा विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो ।

उद्घाटन सत्र पछि शुरु भएको राष्ट्रिय सिंचाइ सेमिनारको प्राविधिक सत्रमा जम्मा १२ वटा सेमिनार कार्यपत्रहरु ४ वटा प्राविधिक सत्रहरुमा ३/३ वटा गरी प्रस्तुत भएका थिए। विभिन्न विषयका कार्यपत्रहरु (सिंचाइ विभाग अन्तर्गतका विज्ञहरु तथा बाहिरी संस्थाहरुमा कार्यरत विभिन्न विज्ञहरुबाट) प्रस्तुत भएको थियो । पहिलो प्राविधिक सत्रको अध्यक्षता सिंचाइ विभागका उपमहानिर्देशक श्री कृष्ण बेल्वासेले गर्नु भएको थियो तथा Rapporteuring श्री इजी जि.सी.ले गर्नु भयो। उक्त सत्रमा Inter-basin Water Transfer Multipurpose Projects in Nepal विषयको कार्यपत्र सुनकोशी मरीन डाइभर्सन बहुउद्येश्यीय आयोजनाका निर्देशक श्री मित्र बरालले प्रस्तुत गर्नु भयो । सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका परामर्शदाता श्री ऋषिराम शर्मा न्यौपानेले Learning from Irrigation Mnagement Transfer Program of Kankai Irrigation System, IWRMP, Nepal विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । किसान व्यवस्थित सिंचाइ तथा जलउपभोक्ता विज्ञ डा. प्रचण्ड प्रधान तथा देबेश बेल्वासेले Benefit Sharing between Hydropower and Irrigation in Nepal बिषयक कार्यपत्र प्रस्तुत गर्नु भयो । दोश्रो प्राविधिक सत्रको अध्यक्षता सिंचाइ विभागका उपमहानिर्देशक श्री दानरत्न शाक्यले गर्नु भएको थियो तथा Rapporteuring श्री महेश यादवले गर्नु भयो। उक्त सत्रको पहिलो कार्यपत्र जलस्रोत विज्ञ श्री राजकुमार जी.सी.ले The Role of Piped Water System for Prodution Uses in Mid-hills of Nepal विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो। त्यस्तै भेरीबबइ डाइभर्ससन बहुउद्येश्यीय आयोजनाका ई. श्री अजय अधिकारीले Groundwater Avaliability and Irrigation Potentiality in Rocky Aquifers of Nepal शीर्षकको आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो । तेश्रो तथा अन्तिम कार्यपत्रका रुपमा Groundwater Irrigation Potentiality in Hills of Nepal: A case study of Chyanglitar and Dhuwakot of Gorakha District बिषयक कार्यपत्र सि.डि.हा.जि. द्वय प्रमिला श्रेष्ठ तथा नारायण कृष्ण गणेशले संयुक्तरुपमा प्रस्तुत गर्नुभयो ।

पहिलो दिनका दुई सत्रहरु सम्पन्न भइसकेपछि सेमिनारको दोश्रो दिन, तेश्रो तथा अन्तिम प्राविधिक सत्रहरुको संचालन गरिएको थियो । दोश्रो दिनको पहिलो सत्र उपमहानिर्देशक श्री सरिता दवाडीको अध्यक्षतामा शुरु भएको थियो। उक्त सत्रको rapporteuring सि.डि.ई.श्री सुरेश कुमार शर्माले गर्नुभएको थियो । उक्त सत्रको पहिलो प्रस्तुति श्री टिकाराम बराल तथा भेषराज थापाले Evaulation of water use pattern of conjunctive uses within command area of canal fed irrigation system: A case study of Nepal Gandak Western Canal

बिषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । दोश्रो कार्यपत्र श्री अपेक्षा मरासिनीले Effect of Climate Change on Irrigation Water Demand: A case study of Chitawan District बिषयमा प्रस्तुत गर्नुभयो । अर्को प्रस्तोता ई. जीत नारायण काशीछ्वाले Storm transportation method for probable maximum flood: A case study of Upper Seti Storage Hydroelectric Project विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । चौथो तथा अन्तिम सत्रको अध्यक्षता उपमहानिर्देशक श्री बासुदेव लोहनीले गर्नु भएको थियो। उक्त सत्रको rapporteuring सि. डि. हा. जि. श्री प्रमिला श्रेष्ठले गर्नुभएको थियो । उक्त सत्रको पहिलो प्रस्तुति सिंचाइ विभागका उपमहानिर्देशक श्री चूर्ण बहादुर ओलीले Issues and Challenges on Management of Inter-basin Water Transfer Project in Nepal: A case study of Bheri Babai Diversion Multipurpose Project बिषयक कार्यपत्रबाट शुरु भयो । दोश्रो कार्यपत्र प्राध्यापक श्री आशुतोष शुक्लाले Prioritizing Demang Management vis-a-vis Supply Side Constraints in Irrigated Agriculture बिषयमा प्रस्तुत गर्नुभयो । तेश्रो मा श्री महेश यादवले Assessment of Agro-Climatic Potential of Okhaldhunga, Nepal विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो । प्राविधिक सत्रको अन्त्यमा कार्यपत्रहरु बारे अन्य सहभागीहरुबाट प्रश्न जिज्ञासा प्रकट गर्ने र त्यसबारे प्रस्तोता समेतको सहभागितामा छलफलहरु भएका थिए । प्रत्येक कार्यपत्रहरु प्रभावकारी रुपमा प्रस्तुत भएको र त्यसबारे अन्य सहभागीहरुबाट समेत जिज्ञासाहरु प्रकट भएका थिए। प्रत्येक सत्रको अन्त्यमा विशिष्ट अतिथिहरु तथा सत्रका अध्यक्ष द्वारा सत्रका अध्यक्ष, टिपोटकर्ताहरु तथा कार्यपत्र प्रस्तोताहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।

सबै प्राविधिक सत्रहरु सम्पन्न भैसकेपछि Water Resources Development and Management in Federal Nepal भन्ने विषयमा Plenary Session लाई सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डितले सहजकर्ताका रुपमा संचालन गर्नु भएको थियो । उक्त सत्रको Rpporteuring सि.डि.ई. डा. किशोरकुमार भट्टराईले गर्नुभयो । Plenary Session मा सिंचाइ तथा जलश्रोत विज्ञहरु क्रमश: श्री भुवनेश कुमार प्रधान, प्राध्यापक डा. खेमराज शर्मा, प्रा. आशुतोष शुक्ला तथा प्रा. श्री हरि पण्डितले भाग लिनु भएको थियो। उक्त Plenary Session मा सिंचाइ क्षेत्रको विकासका लागि क्षेत्रगत तथा संघीय आधारमा स्रोतहरुको बाँडफाँड तथा व्यवस्थापन बारे विश्लेषण तथा देश संघीयतामा गईसकेको अवस्थामा भविष्यमा यस्ता प्रयासहरुलाई निरन्तरता दिन के कस्ता स्वरुपमा प्रस्तुत हुंदा सहजरुपमा यसलाई निरन्तर अघि बढाउन सकिने भन्ने विषयमा केन्द्रित भएर चार जना विज्ञहरुबाट आ–आफ्ना धारणाहरु प्रस्तुत भएका थिए। उक्त सत्रको अन्त्यमा सत्रमा सहभागी विज्ञहरुलाई उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सञ्जय शर्माले मायाको चिनो प्रदान गर्नुभयो ।

अन्त्यमा, राष्ट्रिय सिंचाइ सेमिनारको समापन सत्र आयोजना गरिएको थियो । उक्त सत्रको मुख्य अतिथिमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री संजय शर्माले आफ्नो सम्वोधनका क्रममा, गहकिला कार्यपत्रहरु प्रस्तुत भएकामा सवै प्रस्तोताहरुमा धन्यवाद व्यक्त गर्दै अवको बाटो चुनौटी पूर्ण रहेपनि सबै भौतिक संरचनाहरुको एकीकृत विकासबाट मात्र छोटो समयमा परिलक्ष्यित प्रतिफल हासिल हुने तथ्यलाई मनन गरी सो उद्येश्य प्राप्तिकालागि सबै जना लाग्नुपर्ने कुरामा जोड दिनुभयो । सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डितको सभापतित्वमा आयोजित उक्त समारोहमा, विशिष्ट अतिथिहरुमा तत्कालिन जलउत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक, राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघका अध्यक्ष श्री गजाधर रोहिता यादव तथा जल व्यवस्थापन सम्वन्धी अन्तर्राष्ट्रिय संस्था (IWMI) का भेषराज थापाले सहभागिता जनाउनु भयो। विशिष्ट अतिथिहरुबाट संक्षेपमा मन्तव्य राख्ने क्रम पश्चात, सिंचाइ विभागका उपमहानिर्देशक श्री बासुदेव लोहनीबाट सेमिनारमा प्रस्तुत कार्यपत्रहरुवारे समीक्षात्मक विवरण प्रस्तुत गर्नुभयो । विभागका अर्को उपमहानिर्देशक श्री दानरत्न शाक्यले धन्यबाद मन्तव्य राख्नुभयो। अन्त्यमा, सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डितले सभापतिको आसनबाट बोल्दै राष्ट्रिय सिंचाइ सेमिनार सफलताका साथ सम्पन्न गर्न माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री बर्षमान पुन आफू स्वयं उपस्थित भई कार्यक्रममा उत्साह संचार गरी दिनु भएकोमा विशेष धन्यवाद ज्ञापन गर्दै उपस्थित जलस्रोत विज्ञहरु, सिंचाइ सरोकारवालाहरु तथा कार्यपत्र प्रस्तुतकर्ताहरु तथा अन्य सहभागीहरुको सक्रिय सहभागितामा सेमिनार अत्यन्त सफल रुपमा सम्पन्न भएकोमा सवैमा धन्यवाद प्रकट गर्नु भयो र यसको महत्वलाई गौण रुपमा लिन नसकिने बताउनु भयो साथै दुइ दिने उक्त राष्टिय सिंचाइ सेमिनार सम्पन्न भएको घोषणा गर्नुभयो। राष्टिय सिंचाइ सेमिनारलाई सुनकोशी मरिन डाइभर्सन बहुउद्येश्यीय आयोजनाका निर्देशक श्री मित्र बरालले संचालन गर्नुभएको थियो

## जलस्रोत तथा सिंचाइ विभागमा गठन हुने विभाग तथा अन्तर्गतका कार्यालयहरुको संचालन तथा व्यवस्थापन सम्वन्धी गोष्ठी २०७५ सम्पन्न

मुलुकमा नेपालको संविधान २०७२ लागु भई सोही अनुरुप संघीय तथा प्रादेशिक संरचना अनुसार वदलिंदो परिस्थिति अनुरुप जलस्रोत तथा सिंचाइ सम्वन्धी नीति तथा कार्यविधिहरुमा व्यापक परिमार्जन गर्नु अपरिहार्य भएकोले उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा (मन्त्रालय अन्तर्गत) गठन हुने विभाग तथा अन्तर्गतका कार्यालय संचालन तथा व्यवस्थापन सम्वन्धी गोष्ठी सम्पन्न भयो । सो गोष्ठी पश्चात प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रमको आयोजनामा जलस्रोत तथा सिंचाइ नीति २०७४, जलस्रोत तथा सिंचाइ विभागको कार्यविधि २०७४ तथा सिंचाइ नियमावली को आवश्यक परिमार्जनका लागि जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक श्री सरोज पण्डितको अध्यक्षतामा ललितपुर धोवीधारा स्थित अगेनो रेष्टुरामा एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। उक्त अवसरमा सिंचाइ विभागका उपमहानिर्देशकहरु, सिंचाइ तथा जलस्रोत विज्ञहरु तथा सम्वन्धित पदाधिकारीहरुलाई आमन्त्रण गरिएको थियो । कार्यक्रममा प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम प्रमुख श्री राजेन्द्रविर जोशीले सिंचाइ तथा जलस्रोत नीति बारे आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भयो। त्यसै गरी परार्मदाता श्री रत्नेश्वरलाल कर्णले जलस्रोत तथा सिंचाइ विभागको नीति तथा कार्यविधि २०७४ को तयार गरिएको मस्यौदा बारे दफाबार रुपमा विस्तृत विवरण प्रस्तुत गर्नु भयो। त्यस पश्चात संचालन भएको सामुहिक छलफलका क्रममा उपस्थित विषय विज्ञहरुबाट राय सुझाव संकलन भएको थियो। सो अवसरमा बरिष्ठ जलस्रोत विज्ञ श्री सोमनाथ पौडेलबाट गलत नीति तथा व्यवसायलाई निरुत्साहित गर्दै जानु पर्ने बताउनु भयो । अर्का जलस्रोत विज्ञ तथा पूर्व सचिव श्री शितलबाबु रेग्मीले जलस्रोत नीति जस्तै Sectoral रुपमा सम्वन्धित नीतिहरु बनाउनु पर्छ । यसरी गर्दा एउटा Sector को कुरा अर्कोसंग नवाभिने र स्पष्ट



हुनुपर्छ । मूल नीतिसंग अन्य सम्वन्धित नीतिहरुको आधारभूत कुराहरुमा वाझिनु भएन भनी आफ्ना भनाई राख्नुभयो साथै सिंचाइलाई कृषि र खानेपानीसंग प्रासंगिक गरेर लानु आवश्यक छ भन्ने बारे सुझाव दिनु भयो । कृषक व्यवस्थित सिंचाइ विज्ञ डा. प्रचण्ड प्रधानज्यूले अहिलेको बढेको जनसंख्याको चाप तथा बढ्दो शहरीकरणले गर्दा उपलव्ध पानीको स्रोतमा सिंचाइको मात्र एकाधिकार छ भन्न मिलेन त्यसैले विवादलाई कसरी व्यवस्थित गर्ने सो कुरालाई पनि नीतिमा स्पष्ट उल्लेख गर्नु आवश्यक छ । नीति मात्र नबनाई त्यसलाई लागुपनि गर्नु पर्‍यो । सिंचाइको स्रोत भरपर्दो भएकोले सम्बन्धित ठाउंमा बढी लगानीको प्रवाह हुने खालको व्यवस्था हुनुपर्‍यो भनी आफ्ना सुझाव राख्नु भयो । समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाका पूर्व निर्देशक श्री नविन मंगल जोशीले कृषि र खानेपानीसंग समन्वय हुने सिंचाइका प्रावधानहरु समावेश हुनुपर्ने राय दिनु भयो । उपमहानिर्देशक श्री बासुदेव लोहनीले नीजि लगानीकर्ताहरुलाई पनि शेयर वितरण गरी सिंचाइमा नीजि सार्वजनिक लगानीको वातावरण वनाउने र किसानहरुले पनि उचित मुआब्जामा शेयर पाउने प्रावधान नीतिमा समावेश हुनु पर्ने बारे आफ्नो राय प्रकट गर्नु भयो । WRPPF का आयोजना निर्देशक श्री संजीव वरालले भूमिगत तथा सतह जलस्रोतको सम्वन्ध बारे उल्लेख हुनुका साथै अहिलेको वदलिंदो परिवेशमा हाम्रो प्राथमिकता के के हुन सक्छन त्यसलाई जोड दिइ नीति निर्माण गर्‍यो भने प्रादेशिक तथा स्थानिय निकायहरुलाई सोही अनुसार निर्देश गर्न सजिलो हुने राय प्रकट गर्नु भयो । गोष्ठीको दोश्रो सत्रमा जलस्रोत विज्ञ श्री प्रदिप कुमार मानन्धरले प्रस्तुत गर्नुभएको प्रस्तावित नयाँ संगठन अनुसारको जलस्रोत तथा सिंचाइ विभागको संगठन, नयाँ संगठन अनुसार गठन हुने संरचनाहरुवारे समेटिएको प्रस्तुति जलस्रोत तथा सिंचाइ विभागको कार्यविधि २०७४ बारे पनि व्यापक छलफल भई सुझावहरु संकलन भएका थिए । संकलित सुझावहरु संलग्न गरी उक्त तीनै दस्तावेजहरुको मस्यौदा तयार गर्ने कार्य भई रहेको छ ।

### INPIM नेपालको १८ औं Talk programme

इनपीम नेपालको १८औं बार्षिकोत्सव लगतै १८ औं Talk programme २०७५ बैशाख ३१ गते (May 14, 2018) का दिन सिंचाइ बिभागको मुख्य सभा



कक्षमा सम्पन्न भयो । उक्त कार्यक्रम अपरान्ह ३:३० बाट ५ बजे सम्म आयोजना गरिएको थियो । कार्यक्रमको शुरुमा INPIM नेपालका अधयक्ष श्री सुमन सिजापतिले सहभागीहरु सबैलाई स्वागत गर्दै INIPM नेपालको हालसम्मको स्थिति र बिगतमा संचालित बिभिन्न गतिबिधिहरुबारे प्रकाश पार्नु भयो । साथै श्री जेफ्री सी डेभिड बाट प्रस्तुत हुन गैरहेको "*Why measurements matter: The role of participatory monitoring in participatory management*". बिषयक प्रस्तुतिबारे संक्षेपमा परिचयात्मक बक्तव्य दिनु भयो । कार्यक्रमको दाश्रो चरणमा SmartPhones4Water का अक्ष्यक्ष श्री जेफ्री सी डेभिडले आफूले बिकास तथा प्रयोग गर्दै आएको प्रबिधि The role of participatory monitoring in participatory management र यसको उपयोगिता र यसको उपयोग गर्दै आइरहेका सामान्य देखि उच्च प्राबिधिकहरु समेतको अनुभवहरु, बिकसित गरिएको सफ्टबेयरले संकलन गर्ने तथ्यांकहरुको किसिम र काठमाण्डौं उपत्यकामा यसको सहभागीतामूलक उपयोग बारे चर्चा गर्नु भयो । बहांले थप यस प्रबिधिले कसरी जलस्रोत तथा सिंचाइको गतिबिधिहरुमा महत्वपूर्ण निर्णयहरु लिन सहयोग पुर्‍याइरहेको छ भन्ने



बारे बताउनु भयो ।

कार्यक्रमको तेश्रो चरणमा श्री डेभिडको प्रस्तुति पश्चातको सत्र सहभागीहरुको जिज्ञासा र त्यसको समाधानका लागि छलफल गर्न खुल्ला गरियो । सहभागीहरु मध्येबाट यस सम्वन्धी थुप्रै जिज्ञासाहरु राखिएका थिए र त्यसबारे श्री डेभिडले आफ्नो तर्फबाट ती राखिएका जिज्ञासाहरुको प्रत्यूत्तर दिने प्रयास गर्नु भयो । कार्यक्रमको अन्त्यमा संजालका अध्यक्ष श्री सुमन सिजापतिले सहभागीहरु सबैमा उत्साहपूर्वक सहभागिता जनाई दिनु भएकोमा धन्यवाद प्रकट गर्दै कार्यक्रमलाई अन्त्य गर्नु भयो ।

## लेख/रचना

### महाकाली सिंचाइ प्रणाली जलउपभोक्ता दोस्रो चरण क्षेत्रीय समितिको परिचय

✍ धनेश्वरी भट्ट*

*(महाकाली सिंचाइ प्रणाली जलउपभोक्ता दोस्रो चरण क्षेत्रीय समितिलाई ६४ औं सिंचाइ बार्षिकोत्सबको अवसरमा उत्कृष्ट जलउपभोक्ता समितिको सम्मान द्वारा सम्मानित गरिएको थियो -सम्पादक मण्डल)*

नेपाल भारत बीच सन् १९२० (१९७६ साल) मा भएको सम्झौता अनुसार यस सिंचाइ प्रणालीमा शारदा ब्यारेजको देब्रे किनाराबाट पानी उपलब्ध हुँदै आएको छ । नेपाल सरकार र विश्व बैंक बीच यस प्रणालीको प्रथम चरण अन्तर्गत सिंचित क्षेत्र विकासका लागि २९ सितम्बर सन् १९८० (२०३७ साल) मा सम्झौता भई जून सन् १९८७ (२०४४ साल) मा सकिएको र नेपाल सरकार र विश्व बैंक बीच यस प्रणालीको प्रथम चरण अन्तर्गत सिंचित क्षेत्र विकासका लागि २९ सितम्बर सन् १९८० (२०३७ साल) मा सम्झौता भई जून सन् १९८७

(२०४४ साल) मा सकिएको हो। कुल सिंचित क्षेत्रफल ११,६०० हे (प्रथम चरण क्षेत्रको सिंचित क्षेत्र ५,१०० हेक्टर द्वितीय चरण क्षेत्रको सिंचित क्षेत्र ६,५०० हेक्टर) रहेको छ। वि.सं. २०६७ भाद्र ३० गते सिंचाइ विभाग र महाकाली सिंचाइ प्रणाली जल उपभोक्ता संघ प्रथम चरण क्षेत्रीय समिति बीच र वि.सं. २०७२ जेष्ठ १४ गते सिंचाइ विभाग र महाकाली सिंचाइ प्रणाली जल उपभोक्ता संघ दोस्रो चरण क्षेत्रीय समिति बीच यस्तै सिंचाइ व्यवस्थापन हस्तान्तरण सम्झौता भई अत्यावश्यक संरचना सुधार कार्यहरुका लागि IWRMP कार्यक्रम लागु भएको थियो।

प्रर्याप्त मात्रामा नहरमा पानी हुँदा तथा खेतको शिरानीमा नहर हुँदा हुँदै पनि यस महाकाली सिंचाई प्रणाली बेलडाडीं द्धितीय चरण का कृषकहरुले पानी नपाएको अबस्था थियो। यस आयोजना लागु भए पश्चात महाकाली, मोहना र पथरैया सिंचाई कार्यालय र जल उपभोक्ता संघ द्धितीय चरणको अथक प्रयासले हाल आएर कृषकको खेतमा पानी पुगेको छ। यस द्धितीय चरण का कृषकहरुको खेतमा पानी पुर्‍याउनका निम्ति तथा प्रणालीको दिगो ब्यवस्थापन र संचालनका लागि महाकाली मोहना पथरैया सिंचाई कार्यालय र जल उपभोक्ता संघ द्धितीय चरणले संरचना सुधार कार्य, जल व्यवस्थापन कार्य, संस्थागत बिकास तथा क्षमता अभिबृद्धि र श्रोत संकलन गर्ने कार्य गरेको छ।

नहर संरचना सुधार कार्य अर्न्तगत विभिन्न शाखा नहर मर्मत संम्भार, गेट मर्मत सम्भार कार्य तथा २४२ वटा टर्सरी नहरहरु मर्मत तथा संचालन गराईएको छ। यसै गरी दलदलका कारण खेती नहुने र निकासको समस्या रहेको यस क्षेत्रमा पानी निकास तथा ड्रेन खोली ६०० विघा जमिन खेतीयोग्य बनाई किसानहरुले हाल खेती लगााई रहेका छन्। जल ब्यवस्थापन तर्फ सम्पूर्ण किसानको पानी माथिको अधिकार सुनिश्चित गर्न बेलौरी मुल नहर र शिबनगर मुल नहरमा ३.५ दिनको पालो लगााई सम्पुर्ण शाखा मार्फत किसानको खेत मा पानी पुर्‍याएको छ। पानी बांडफांड सम्बन्धी तालिका शाखा नहरको शिरानी राखिएका छन्।

सवल, संक्षम, आत्मनिर्भर र स्वनियन्त्रित संस्था बनाउनका लागि बिभिन्न किसिमका तालिम, गोष्ठी तथा जनचेतनामूलक तालिम कार्यक्रम गरेका छन्। यस्तै हस्तान्त्रित प्रणालीको दिगो ब्यवस्थापन गर्न यस द्धितीय चरण क्षेत्रीय समितिले स्रोत पहिचान गरी संकलन गर्ने कार्य गरेको पाइन्छ। स्रोतका रुपमा नहरमा रहेको अनावश्यक माटो (सिल्ट) ब्यवस्थापन (बिक्री) गरेर संस्थाको खाता मा जम्मा गरेका छन्। मुख्य स्रोतका रुपमा रहेको सिंचाइ सेवा शुल्क संकलन गरेका छन्। लक्ष्य अनुसार सेवा शुल्क संकलन गर्न यस समितिले बेला बेलामा घुम्ति कार्यक्रम तथा जनचेतना मुलक कार्यक्रम गरी देश भरीमै उदाहरणीय रुपमा प्रस्तुत भएको छ। यसरी प्रणालीको दिगो विकासका लागि उदाहरणीय काम गरेकोले २०७३ चैत्र २५ गते देश भरीकै उत्कृष्ट जल उपभोक्ता को रुपमा महाकाली सिंचाई प्रणाली जलउपभोक्ता संस्थालाई सिंचाई विभाग बाट सम्मानित भएको छ।

---

* श्री भट्ट महाकाली सिंचाइ प्रणालीमा परामर्शदाता समाजशास्त्रीका रुपमा कार्यरत हुनुहुन्छ।

## अनिवार्य सिंचाइ सेवा शुल्क संकलन कार्यमा स्थानीय तहसंगको समन्वयको आवश्यकता

✍ हरिदत्त पौडेल*

मुलुकमा लोकतन्त्रको स्थापना भएपछि सिंचाइको विकास र व्यवस्थापनमा नेपाल सरकार र दातृ संस्थाहरुको लगानी उल्लेख्य रुपमा बढ्दै गई रहेको छ। यसरी वढ्दै गईरहेको लगानीवाट दीगो र प्रभावकारी रुपमा सिंचाइ योजनाहरुको संचालन र व्यवस्थापन गर्न सकिएन भने हामीले हाम्रा किसान, सरोकारवाला निकायहरु, जनप्रतिनिधिहरु, राजनैतिक नेतृत्व, सरकार र दातृ संस्थाहरुवाट बिश्वास आर्जन गर्न सकिंदैन।

सिंचाइ नीति २०७० अनुसार सिंचाइ आयोजना कार्यान्वयनका हरेक चरणमा उपभोक्ता संस्थाको प्रत्यक्ष सहभागिता र लगानीमा जोड दिंदै सरकारी निकायद्वारा सञ्चालित आयोजना/प्रणालीको मर्मत र संचालनको जिम्मेवारी क्रमिक रुपमा उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्दछ। उपभोक्ताको माग अनुसार पुनर्निर्माण/सुधार गरिएका र उपभोक्ताद्वारा संचालित प्रणालीको सिंचाइ व्यवस्थापन संबन्धित जल उपभोक्ता संस्थाबाट गराउनु पर्दछ। साना तथा मझौला सिंचाइ योजना/प्रणालीहरुको निर्माण वा सुदृढीकरण पश्चात ती सिंचाइ प्रणालीको व्यवस्थापनको जिम्मा संबन्धित जल उपभोक्ता संस्थाकै हुन्छ। निर्माण सम्पन्न भएका साना प्रणालीहरु उपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने गरिएको छ। नेपाल सरकारद्वारा निर्माण गरिएका र हाल नेपाल सरकार वा उपभोक्ता संस्था वा संयुक्त व्यवस्थापनमा संचालित मझौला तथा ठूला प्रणालीहरुपनि क्रमिक रुपमा उपभोक्ता संस्थालाई हस्तान्तरण गरिएको छ। नेपाल सरकारले सिंचाइ सुविधा उपलब्ध भएको जग्गाको उत्पादकत्व र वित्तीय मूल्यांकन समेतलाई विचार गरी सिंचाइ प्रणालीको संचालन तथा मर्मत संभारका लागि जल उपभोक्ता समेतको सहभागितामा सिंचाइ सेवा शुल्क उठाउने व्यवस्था मिलाउनका लागि उपयुक्त कानुनी व्यवस्था गनुपर्ने हुन्छ। हस्तान्तरित सिंचाइ प्रणालीको मर्मत, संभार तथा सञ्चालन गर्ने दायित्व सम्बन्धित उपभोक्ता संस्थाकै हुन्छ। त्यसैगरि सिंचाइ नियमावली २०५६ को परिच्छेद ५ मा सेवा उपभोग गर्ने उपभोक्ताले सिंचाइ सेवा शुल्क उपभोक्ता संस्था वा त्यस्तो सेवा शुल्क उठाउन अधिकार प्राप्त व्यक्ति वा संस्थालाई बुझाउनु पर्ने कुरा उल्लेख छ।

प्रचलित सिंचाइ नीति २०७० ले मार्गनिर्देशन गरे बमोजिम हामी सिंचाइ योजनाको निर्माण भएपछि त्यसको संचालन र व्यवस्थापन कार्यमा जल-उपभोक्ता संस्थाहरुको भूमिका बढाउँदै गईरहेका छौं। क्रमशः यो दायरालाई अझ फराकिलो बनाइँदैछ। हालसम्म साना र मझौला सिंचाइ योजनाहरुको सम्पूर्ण व्यवस्थापन तथा ठुला सिंचाइ आयोजनाहरुको हेडवर्क्स र मुल नहर वाहेकका शाखा, प्रशाखा नहरहरुको संचालन तथा व्यवस्थापनको जिम्मा स्थानीय जल-उपभोक्ता संस्थाहरुलाई दिन शुरु गरिएको छ।

संस्थागत रुपमा सबल र आर्थिक रुपमा आत्म निर्भर नबनेसम्म जल-उपभोक्ताहरुवाट संचालन व्यवस्थापन गर्ने कार्य प्रभावकारी हुन गाह्रो छ। हामीहरुमा प्रचलित उखान नै छ, "गरिबलाई हात्ती दान दिनु बराबर"। स्थानीय स्रोत साधन संकलन गरेर आफनो सिंचाइ योजनाको संचालन र व्यवस्थापन गर्नमा वित्तीय रुपले आत्म निर्भर हुन नसक्दासम्म यस अवस्थामा सुधार आउने स्पष्ट आधार देखिंदैन।

सिंचाइ नीति २०७० ले व्यवस्था गरे बमोजिम स्थानीय स्रोत संकलनका धेरै माध्यमहरु मध्ये सिंचाइ सेवा शुल्क सवै भन्दा प्रभावकारी स्रोत हो। सिंचाइ सुविधा प्राप्त गरेपछि कृषिको उत्पादन र उत्पादकत्व वढ्न गई यसवाट किसानहरुको आयस्तर बढ्दछ। यसरी बढेको आम्दानीवाट थोरै रकम सिंचाइ सेवा शुल्क वापत जल-उपभोक्ता समितिलाई बुझाउँदा उक्त सिंचाइ योजनामा पानी संचालन, व्यवस्थापन, स-साना मर्मत सम्भारका कार्यहरु प्रभावकारी रुपमा गर्न सकिन्छ र एउटा किसानले भनेको वेलामा, भनेको जति परिमाणमा, भनेको ठाउँमा, भनेको जति खर्चमा पानी पाउन सक्ने अवस्था सृजना हुन गई त्यसै अनुरुप खेती वालीको योजना बनाउन सकिन्छ। तर यो सिंचाइ सेवा शुल्क उठाउने परिपाटी व्यवस्थित नहुँदा हाम्रा जल-उपभोक्ता संस्थाहरु प्राण विहीन (निष्प्राण) संस्था जस्ता बन्न पुगेका छन्। सिंचाइ सेवा शुल्क संकलन कार्य हालसम्म स्वेच्छिक (Optional) मात्रै बनेको छ, अनिवार्य (Compulsory) बन्न सकेको छैन।

जलस्रोत तथा सिंचाइ विभाग अन्तर्गत संयुक्त व्यवस्थापनमा नेपालभर संचालित ३१ वटा सिंचाइ प्रणालीहरुले जम्मा २,८१,०६९ हेक्टर सिंचित क्षेत्रफल ओगटेका छन् । त्यहाँ उठ्ने गरेको वार्षिक सेवा शुल्क अत्यन्त न्यून छ । सिंचाइ ह्याण्ड बुक, २०७५काअनुसार विगत ५ वर्षमा उठेको सिंचाइ सेवा शुल्क औसतमा प्रति हेक्टर रु. ५५।- मात्र देखिन्छ । जसलाई तपसिल वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :-

| आ.ब. | ०६८/०६९ | ०६९/०७० | ०७०/०७१ | ०७१/०७२ | ०७२/०७३ |
|---|---|---|---|---|---|
| जम्मा उठेको सिंचाइ सेवा शुल्क रु. | १,५०,९४,७१३।- | १,५९,९१,३४०।- | १,४८,८०,२०४।- | १,५४,४४,२६१।- | १,६०,९२,९३२।- |
| प्रति हेक्टर उठेको सेवा शुल्क रु. | ५३।७ | ५६।८९ | ५२।९४ | ५४।९४ | ५७।२५ |
| औसत सेवा शुल्क प्रति हे. | रु. ५५।१४ | | | | |

समयमै महसुल नतिर्दा विद्युतको लाइन काटिन्छ, टेलिफोनको लाइन काटिन्छ, खानेपानीको पनि काटिन्छ तर सिंचाइको सुविधा कटौती हुँदैन, किनकी हामीसंग यस सम्वन्धमा स्पष्ट कानूनी व्यवस्था छैन । नेपालको संविधान, २०७२ लागू भएसंगै मुलुकमा ३ तहको सरकार स्थापना भैसकेका छन् । पहिलाका गाउँपालिका र नगरपालिकाका वडाहरु विस्तारित भएर सरदर ३ देखि ५ हजार जनसंख्यालाई समेट्ने गरी ठूलो आकारका भएका छन् । मझौलासिंचाइ योजनाहरु प्राय एउटै वडामा वा एउटै स्थानीय निकायहरुको सीमा भित्र परेका छन् । त्यसैगरी वडा कार्यालयलाई सरकारी सेवा सुविधा प्राप्त हुने पहिलो ढोकाको रुपमा परिभाषित गरिएको छ । हरेक नागरिक व्यक्तिगत घटना दर्ता गर्न, जग्गा रजिष्ट्रेशन गर्न, मालपोत दस्तुर तिर्न, नागरिकता प्रमाणपत्र प्राप्ति जस्ता कार्यमा सिफारीश लिन, सामाजिक सुरक्षा भत्ता पाइने लगायतका सुविधा र यस संबन्धी सिफारिश लिनको लागि वडा कार्यालयहरु नै पुग्नु पर्दछ ।

**तनहुँको नयाँ प्रयास :**

हामीले तनहुँ जिल्लाको घिरिङ गा.पा.-१मा समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (CMIPASP-AF) अन्तर्गत संचालित अत्रौली पुट्टार सिंचाइ योजना (४३५ हे.)को जल-उपभोक्ता संस्थाको विधान २०७३ साल माघ महिनामा साधारण सभावाट संशोधन गरी अब आईन्दा ज.उ.स.ले सिंचाइ सुविधा प्राप्त गर्ने सम्पूर्ण किसानहरुको लगत अद्यावधिक गर्ने, सदस्यता/उपभोक्ता कार्ड वितरण गर्ने र त्यस्ता उपभोक्ताहरुले आफ्नो सिंचाइ योजनावाट सिंचाइ सुविधाको उपभोग गरे बापतको प्रति रोपनीको दरले तिर्नु पर्ने रकम, ल.ई.को ०.५% वापतको मर्मत संभार कोषको रकम, जनसहभागितावाट व्यहोर्नु पर्ने रकम, वार्षिक सिंचाइ सेवा शुल्क रकम, हर्जाना, दण्ड जरीवाना आदि वापतको रकम उठ्न नसकी वक्यौता रहेमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा त्यस्तो वक्यौता रकमको सूची स्थानीय वडा कार्यालयमा पठाउने । वडा कार्यालयलाई र गाउँपालिकालाई त्यस्तो सूचीमा परेका व्यक्तिहरुवाट सिंचाइसंग सम्वन्धी त्यस्तो वक्यौता रकम असुर उपर नहुन्जेलसम्म स्थानीय वडा र गाउँपालिकावाटनिजलाई प्रदान गरिने कुनै पनि व्यक्तिगत सिफारीस र सरकारी सुविधा प्रदान नगर्न अनुरोध गर्ने भन्ने व्यवस्था गरिएको छ । स्थानीय वडा समितिले त्यस्तो वक्यौता सूची आफू कहाँ पठाउन भनी सकेको छ भने गाउँपालिकासंग पनि यस विषयमा पटक पटक छलफल भएको छ। वहाँहरु यस प्रावधानलाई प्रकृयागत र कानूनी दायरामा ल्याउन सकारात्मक हुनु हुन्छ । अत्रौली पुट्टार सिंचाइ जल-उपभोक्ता समितिले हाल त्यस्तो वक्यौता सूची तयार गर्ने प्रकृयामा अभिलेख अद्यावधिक गर्ने काममा लागेको छ । यस सिंचाइ योजनामाप्रति रोपनी रु. १६०।- (प्रति हेक्टर रु.३,२००।-) का दरले वार्षिक सिंचाइ सेवा शुल्क उठाउन समेत साधारणसभावाट २०७३ सालमै अनुमोदन भैसकेको छ । प्रभावकारी रुपमा यो शुल्क उठाउन सकिएमावार्षिक सरदर ८-१० लाख रुपैया सजिलै उठ्न सक्ने देखिन्छ । जुन रकमउक्त सि.यो.मा नियमित रुपमा ढल्पाहरु राखेर पानी संचालन गर्न तथा वार्षिक रुपमा नहर सफा गर्ने र सामान्य मर्मत संभार गर्न पुग्ने विश्लेषण मिति २०७५/०३/२३ गतेको "सिंचाइ सेवाशुल्क संकलन सम्वन्धी गोष्ठीबाट निकाली सकिएको छ ।

त्यसैगरी, IWRMP वाट तनहुँ जिल्लामा संचालित १० वटा सिंचाइ योजनाहरु मध्ये ८ वटा सिंचाइ योजनाहरुमा सिंचाइ सेवा शुल्क उठ्ने गरेको छ । मझौला सिंचाइ आयोजनावाट पछिल्लो समय सम्पन्नभएका सिंचाइ योजनाहरुमा समेत सिंचाइ सेवा शुल्क संकलनगर्ने कार्य शुरु भएको छ । सेवाशुल्कलाई अनिवार्य गरी यस्तो प्रावधान लागू गर्न सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (IWRMP) अन्तर्गतको भानुवराह सि.यो. (४५ हे.), मझौला सिंचाइ आयोजना (MIP) अन्तर्गतको राम्चे सेराफाँट सि.यो.(१२ हे.), कल्लेरी खेत सि.यो. (२६ हे.), साँगे पतेनी सि.यो. (१२५ हे.) मा समेत प्रयास भैरहेको छ । अव यिनमा पनि स्थानीय निकायको समन्वयमा अनिवार्य गर्न सकिएमा हाम्रा प्राणविहीन ज.उ.स.हरुलाई वित्तीय रुपमा आत्म निर्भर बनाउन र नहर संचालन तथा व्यवस्थापन एवं स-साना मर्मत सम्भार कार्य प्रभावकारी वनाउन सकिने देखिन्छ । संघीय संसदमा पेश भएको सिंचाइ विधेयकमा समेत यस्तो व्यवस्था राख्न सकिएमा नेपाल भरीका सिंचाइ योजनाहरुको संस्थागत विकास एवं वित्तीय आत्म निर्भरताको लागि यो एउटा कोशे ढुँङ्गा सावित हुन सक्नेछ ।

अन्त्यमा, सिंचाइ सेवा शुल्क उठाउने प्रकृयालाई स्थानीय तहको समन्वय र सहयोगमा अनिवार्य वनाउन कानूनी र प्रकृयागत व्यवस्था मिलाउन सकिएमा हाम्रा प्राणविहीन ज.उ.स.हरु आर्थिक रुपमा सक्षम हुँदै जानेछन् र सिंचाइ योजनाहरुको संचालन र व्यवस्थापन कार्यमा सरकारमै पूर्ण निर्भर प्राय रहेको हालको अवस्थामा केही सुधार ल्याई सरकार तर्फ आर्थिक वोझ कम गर्न सहयोग पुग्न सक्ने देखिन्छ ।

* श्री पौडेल गण्डकी प्रदेश अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयमा सि.डि.इ. हुनुहुन्छ ।

श्री ______________________

**सिंचाइ व्यवस्थापन महाशाखा**
**पोष्ट बक्स २०५५**
**जावलाखेल, ललितपुर, नेपाल**